**Accountability Watch Committee**
**जवाफदेहिता निगरानी समिति**

**President**
Sushil Pyakurel

**Members**
Dr. Gauri Shankar Lal Das
Prof. Kapil Shrestha
Mandira Sharma
Kanak Mani Dixit
Subodh Pyakurel
Charan Prasai
Dr. Gopal Krishna Siwakoti
Devi Sunuwar
Hari Phuyal
Durga Sob
Dipendra Jha
Govinda Sharma 'Bandi'
Shobhakar Budhathoki
Birendra Thapaliya
Suman Adhikari

***Secretariat:***
Dhobighat, lalitpur
Ph/Fax +977 1 5554115

*Email:*
accountabilitywatch@gmail.com

२०६९।०५।०१

# प्रेस विज्ञप्ति

रामेछाप जिल्लाको दोरम्बामा तत्कालिन शाही नेपाली सेनाबाट १९ जना शंकास्पद माओवादी कार्यकर्ताको हत्या भएको आज नौ बर्ष बितेको छ । दोरम्बा नरसंहारको यतिका बर्ष बितिसक्दा समेत दोषीमाथि कारबाही नभएकोमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

तत्कालिन सरकार र माओवादीबीच युद्धविराम र वार्ता प्रक्रिया चलिरहेको बेला २०६० साल साउन ३२ गते दिउँसो सेनाले दोरम्बाका युवराज मोक्तानको घरमा भेला भएका नि:शस्त्र माओवादी कार्यकर्तालाई घेरा हाली डडुवा गाविसको डाँडाकटेरीमा लगेर सामूहिक हत्या गरेको थियो । घटनाको एकसातापछि राष्ट्रिय मानवअधिकार आयोगले सर्वोच्च अदालतका पूर्वन्यायाधीश कृष्णजंग रायमाझी, पूर्वमहान्यायाधिवक्ता प्रेमबहादुर विष्ट, फरेन्सिकविज्ञ डा. हरिहर वस्ती, अधिवक्ता हरि फुयाल र पत्रकार कनकमणि दीक्षित सम्मिलित स्वतन्त्र छानबिन समितिले आफ्नो छानबिन प्रतिवेदनको निष्कर्षमा १९ जना नागरिकलाई आफ्नो कब्जामा लिएर सेनाको नेतृत्वको सुरक्षाफौजले हत्या गरेको किटान गरेको थियो । समितिले घटनास्थलमा शव उत्खनन गरी पोष्टमार्टम समेत गरेको थियो । समितिले घटनामा सेना दोषी भएको ठहर गर्दै हात पछाडि बाँधिएका १९ जना कब्जामा लिएका व्यक्तिलाई नजिकबाट बन्दुकले गोली प्रहार गरी मारिएको विषय अन्तर्राष्ट्रिय मानवीय कानुन र खास गरी आन्तरिक प्रकृतिको सशस्त्र संघर्षको समयमा गिरफ्तार गरी पूर्णरुपमा कब्जामा लिएका बन्दीहरुलाई संरक्षण गर्नुपर्छ भन्ने सिद्धान्त रहेको जेनेभा महासन्धिको साझा धारा-३ विपरीत भएको निष्कर्ष निकालेको थियो । घटना नेपालको संविधान तथा सबै कानूनी प्रावधानसँग प्रतिकुल हुन गएको अनुसन्धान समितिको ठहर थियो । यो हत्याका विषयमा प्रहरीले कसैमाथि पनि मुद्दा चलाउन नसक्नु, मानवअधिकार आयोगले गरेको विस्तृत छानबिनप्रति सरकारले यतिका बर्षसम्म पनि ध्यान नदिनुले नेपालमा दण्डहीनताको संस्कृति विद्यमान रहेको प्रष्ट पारेको छ ।

दोरम्बा घटनाले नेपाली सेनाको मानवअधिकारप्रतिको प्रतिबद्धतामाथि गम्भीर प्रश्न जन्माएको छ । यस विषयमा गठित उच्चस्तरीय सैनिक अदालतले आफू मातहतका फौजलाई नियन्त्रण गर्न नसकेको भन्दै सेनानी राममणि पोखरेललाई दुई बर्ष कैद सुनाएको थियो । नेपाली सेनामा मानवअधिकार उल्लंघनका घटनामा संलग्न माथिल्लो तहका व्यक्तिलाई जेल सजाय गरिएको यो पहिलो घटना थियो । तर, पोखरेलले जेलको साटो विदेश सेवामा जाने अवसर पाउनुले पनि दण्डहिनताको अन्त्य गर्ने सेनाको प्रतिबद्धतामा समेत प्रश्न उठेको छ । दोरम्बा जस्ता घटनाका दोषीलाई कानुनी कठघरामा नउभ्याउने, मैना सुनारका हत्याका दोषीलाई अझै अदालतमा नबुझाउने र भैरबनाथ गणका तत्कालिन गणपतिलाई समेत बढुवा गरेर पुरस्कृत गर्ने सरकारी कदमले सरकार र स्वयम नेपाली सेनाको छविमाथि समेत कालो धब्बा लागेको हाम्रो ठहर छ ।

एकीकृत नेकपा माओवादी अहिले सरकारमा छ । तर, दोरम्बाजस्ता गम्भीर मानवअधिकार हनन र मानवीय संवेदनाका विषयलाई सम्बोधन गर्न सरकार गम्भीर बन्न सकेको छैन । यसर्थ, दोरम्बा घटनाका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगले बुझाएको प्रतिवेदन यथाशीघ्र कार्यान्वयन गर्न हामी नेपाल सरकारसँग जोडदार माग गर्दछौं । साथै, दोरम्बा जस्ता गम्भीर मानवअधिकार उल्लंघनका घटनाका दोषीहरुलाई कानूनी दायरामा ल्याई मानवअधिकारको संरक्षणमाथिको जवाफदेहिता पूरा गर्न हामी नेपाली सेनासँग पनि आग्रह गर्दछौं । यसैगरी, विस्तृत शान्ति सम्झौताबमोजिम बेपत्ता छानबिन आयोग, सत्य निरुपण तथा मेलमिलाप आयोग अबिलम्ब गठन गरी संक्रमणकालिन न्याय सम्पादन गर्न सरकारको ध्यानाकर्षण गर्दछौं ।

सुशील प्याकुरेल
अध्यक्ष